म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३२४ बिहीबार २० असार २०८१ ने. सं. ११४४ तछलागा 4 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चौघडाको स्वास्थ्यचौकी नगरकै उत्कृष्ट

हेटौंडा, १९ असार/हेटौंडा-६ चौघडामा रहेको हेटौंडा स्वास्थ्यचौकी हेटौंडा उपमहानगरकै उत्कृष्ट स्वास्थ्य संस्था भएको छ । फागुन २० गते आ.व. २०८०/८१ को लागि जनस्वास्थ्य कार्यालय मकवानपुरबाट गरिएको मापनमा हेटौंडा स्वास्थ्यचौकी चौघडा स्थानीय स्वास्थ्य संस्थामध्ये सर्वोत्कृष्ट भएको हो । न्युनतम सेवा मापदण्डमा हेटौंडा स्वास्थ्यचौकीले ९९ प्रतिशत अंक ल्याएको छ । सर्वोत्कृष्ट भएको हेटौंडा स्वास्थ्यचौकीलाई जनस्वास्थ्य कार्यालय मकवानपुरले सम्मान गरेको छ । स्वास्थ्यचौकीका प्रमुख टिएन ढुंगेललाई जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारले सम्मानपत्र हस्तान्तरण गरेका हुन् । समुदाय र स्वास्थ्यचौकी निरन्तरको समन्वय र सहकार्यले यो सफलता हासिल गरेको बताउँदै प्रमुख ढुंगेलले स्वास्थ्यचौकीको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन निरन्तर लागिरहने बताए ।

# बागमतीमा पहिलोपटक नेतृत्व गर्ने अवसर कुर्दै कांग्रेस

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धनमा संघीय सरकार बन्ने चर्चासँगै बागमती प्रदेशको नेतृत्वको अवसर नेपाली कांग्रेसले पाउने सम्भावना बढेको छ । पछिल्लो राष्ट्रिय राजनीतिले लिएको 'यु टर्न' बाट बागमती प्रदेश सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रको सत्तासमिकिरण संकटमा परेको छ ।

केन्द्रमा एमाले-कांग्रेस गठबन्धनको सहमतिको चर्चाले प्रदेश सरकारको दिनगन्ती सुरु भएको छ । केन्द्रमा बनेको एमाले-कांग्रेस सहमतिअनुसार बागमती प्रदेश सरकारको नेतृत्व कांग्रेसले गर्नेछ । राष्ट्रिय राजनीतिको घटनाक्रमले बागमतीमा पहिलोपटक नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्ने सम्भावना देखिएको हो । कांग्रेस विगत ४ महिनादेखि प्रमुख प्रतिपक्षमा छ । २ कार्यकालको ७ वर्षे अवधिमा कांग्रेस २६ महिनामात्र सरकारमा रहेको थियो । पछिल्लो ७ वर्षको अवधिमा अधिकांश समय प्रमुख प्रतिपक्षमा चित्त बुझाउन बाध्य भएको कांग्रेस करिव २ वर्ष सत्तासाझेदार बन्यो ।

२०७८ कात्तिकमा सत्तासाझेदार बनेको कांग्रेसले नेतृत्व भने पाउन सकेको थिएन । २०७८ मा कांग्रेससहितको समीकरणबाट एकीकृत समाजवादीका राजेन्द्रप्रसाद पाण्डेले बागमती सरकारको नेतृत्व गरेका थिए । मुख्यमन्त्री त्यागेर निर्वाचनको तयारीमा लागेको कांग्रेसले २०७९ पुसमा गठित सरकारमा पनि नेतृत्व पाउन सकेन । २ महिना प्रतिपक्षमा रहेको कांग्रेस चैतमा फेरि सरकारमा फर्कियो ।

११० सदस्यीय बागमती प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादी केन्द्रको २१, राष्ट्रिय प्रजातन्त्र पार्टीको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सांसद छन् । बागमती प्रदेशमा सामान्य बहुमतका लागि



कम्तिमा ५६ सांसदको समर्थन चाहिन्छ । एमाले-कांग्रेस गठबन्धनको सरकार बन्ने हो भने स्पष्ट बहुमत हुने देखिन्छ ।

एमाले-कांग्रेस समीकरणमा ६४ जना सांसद छन्, जुन सरकार गठनका लागि पर्याप्त हुन्छ । एमाले, माओवादी केन्द्र र राप्रपाको गठबन्धन सरकार २ महिनामा ढलेपछि २०७९ चैतमा सरकारमा कांग्रेस सहभागी भयो । यो पटक पनि मुख्यमन्त्रीको सशक्त दाबी गरेको कांग्रेसले माओवादी केन्द्रलाई सरकारको नेतृत्व दियो ।

एक वर्षपछि २०८० फागुनमा फेरि त्यो समीकरण भत्कियो । सरकारबाट कांग्रेस बाहिरियो र केन्द्रको भन्दा फरक समीकरणबाट सरकार गठनको कसरतमा जुट्यो । तर, कांग्रेसको प्रयास असफल बन्यो । अन्तत: पुन: माओवादी केन्द्रकै नेतृत्वमा एमाले, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीबीच सत्तासाझेदारी हुँदा कांग्रेस प्रमुखप्रतिपक्षको भूमिकामा बस्यो ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिं लामाले केन्द्र सरकारको समीकरण टुङ्गिएपछि प्रदेशको समीकरणबारे निर्णय हुने बताएका छन् । सत्तासमीकरण र भागबण्डाको विषयमा शीर्ष नेताहरुले जेजस्ता निर्णय गर्छन अक्षरस: पालना गर्नुको बिकल्प पनि प्रदेशमा छैन । सरकार गठन र व्यवस्थापनका विषयमा प्रधानमन्त्री नियुक्ति भएपछि मात्र प्रदेश तहको छलफल अघि बढ्ने छ ।

'अहिले प्रक्रियागत विषयमा सहमति पछिको समिकरण अनुसार प्रधानमन्त्री नियुक्तिको विषय नै बाँकी छ । पहिले प्रधानमन्त्री नियुक्ति नै प्राथमिकताको विषय होला । यसपछि प्रदेश सरकारको विषयमा छलफल तथा निर्णय हुनेछ,' नेता लामाले भने । 'प्रदेश सरकारमा सबै दललाई समेट्ने प्रयत्न नेपाली कांग्रेसको रहने' बताउँदै नेता लामाले भने 'सत्तासाझेदार दलहरुसँग छलफल गरेर निर्णय गर्छौं ।'

कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारका अनुसार नागरिकको सरकारको रुपमा स्थापित गर्न प्रदेश सरकारले काम गर्नुपर्ने अवस्था छ । समीकरण र अंकगणित भन्दा पनि नागरिकको अपेक्षा र आवश्यकता पूरा गर्नुपर्ने परिस्थिति रहेको उनले बताए । सत्तासमीकरणमा मुद्दा र एजेण्डामा सहमत हुने दलहरुलाई समेटेर अघि बढ्न समस्या नरहेको उनको भनाइ छ । सत्तासमीकरण परिवर्तनपछि केन्द्र सरकार निर्माण नै पहिलो प्राथमिकता रहेको र सत्तासाझेदार दलसँग छलफल गरेर सहमतिको साझा बिन्दु तयार हुने चित्रकारले बताए । बागमती प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलालले कांग्रेस र एमालेले चाहेर मात्रै संविधान संशोधन हुन नसक्ने आशयको प्रतिक्रिया दिएका छन् । मन्त्री दुलालले संविधान संशोधनका लागि आमनागरिकलाई प्रतिनिधित्व गर्ने राजनीति दलको समर्थन चाहिने बताएका छन् । मन्त्री दुलालले बहुमत जता हुन्छ उसैले सरकार चलाउने बताउँदै यसमा माओवादी केन्द्रको कुनै आपत्ति हुने कुरा नभएको धारणा ब्यक्त गरे ।

तेस्रो दल भएर डेढ वर्ष सरकारको नेतृत्व गर्नु पनि राजनीतिक पहल तथा राज्यप्रतिको जिम्मेवारी रहेको विषय नागरिकले कहिल्यै नभुल्ने उनको दाबी छ । बागमती प्रदेश सरकारको नेतृत्व नेकपा माओवादी केन्द्रबाट शालिकराम जम्कट्टेलले गरेका छन् । मुख्यमन्त्री रहेका उनले सरकार फेरबदलको विषयमा कुनै सार्वजनिक प्रतिक्रिया दिएका छैनन् । एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीको गठबन्धन सरकार रहेको बागमतीमा मुख्यमन्त्रीसहित माओवादीका ४ मन्त्री छन् ।

# न्यायिक समितिबाट ११ महिनामा एक सय बढी मुद्दामा मिलापत्र

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ मकवानपुरको हेटौंडा उपमहानगरमा रहेको न्यायिक समितिले चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा एक सय १५ वटा विभिन्न विवादका निवेदनको मुद्दाको मिलापत्र गराएको छ ।

उपप्रमुख राजेश बानियाँको अध्यक्षतामा बसेको बैठकले निवेदनमाथी दुईपक्षको उपस्थितिमा मिलापत्र गरिएको न्यायिक समिति सचिवालयका अधिकृत सुजन तिमल्सिनाले बताए । समितिमा गत आवका २८ मुद्दा सहित चालु आवको जेठ मसान्तसम्ममा दुई सय ३८ विवादका निवेदन दर्ता भएको उनले बताए । 'निवेदनमाथी दुईपक्ष छलफल पश्चात कोहीको मिलापत्र गरिएको त कोहीको अदालत जानको लागि सुझाएका छौं,' उनले भने । नगरका वडामा रहेको मेलमिलाप केन्द्रमा छलफल हुने र त्यहाँ टुङ्गो नलागेकाहरु नगरको न्यायिक समितिमा आउने गरेको न्यायिक समितिका संयोजक उपप्रमुख बानियाँले बताए ।

'कतिपय विषयवस्तुको छलफल हुँदा पनि १० जना निवेदकलाई अन्य न्यायिक निकायमा



जानलाई आग्रह गरेका छौं,' संयोजक बानियाँले भने । ४ वटा निवेदन फिर्ता गरेको, ११ वटा मुलतवीमा राखेको र ३ वटा निवेदन तामेलीमा राखेको संयोजक बानियाँले बताए । 'हामीले ३६ जना निवेदकलाई अदालत जान सुझाएका छौं' बानियाँले भने । वडा मेलमिलाप केन्द्रमा छलफलको प्रक्रियामा ५२ वटा निवेदन रहेको, न्यायिक समितिमा २९ वटा निवेदन प्रक्रियामा रहनुका साथै ६ वटा निवेदन डिसमिस पारेको संयोजक बानियाँले बताए ।

प्राय:जसो न्यायिक समितिमा जग्गा/साँधसीमाना सम्बन्धी र आर्थिक लेनदेनसम्बन्धी विवादका उजुरी बढी आउने गरेको जनाइएको छ । समितिमा जग्गा/ साँधसीमानासम्बन्धी ६२ वटा, आर्थिक लेनदेनसम्बन्धी ५१ वटा, पति-पत्नीसम्बन्धी २१ वटा, बाटो सम्बन्धी २९ वटा, घर यसी/अंशबण्डा सम्बन्धी १९ वटा, ज्यालामज्दुरी नपाएको १६ वटा, घर बहाल नपाएको/कोठा खाली गराई पाउँको १४ वटा, सहमति कार्यान्वयनको १२ वटा उजुरी परेका छन् । त्यस्तै गाली बेईज्जती सम्बन्धी ६ वटा, जीवनयापन खर्च पाँउसम्बन्धी विवादको ५ वटा र वातावरण प्रदुषणसम्बन्धी विवाद ३ वटा रहेको सचिवालयले जनाएको छ ।

# दिगो वन व्यवस्थापन सम्बन्धी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ डिभिजन वन कार्यालय, मकवानपुरको आयोजनामा मंगलवारदेखि ३ दिने दिगो वन व्यवस्थापनसम्बन्धी तालिम हेटौंडामा सुरु भएको छ ।

वनको दिगो व्यवस्थापन कसरी गर्न सकिन्छ ? भन्ने विषयमा जानकारी दिन तालिमको आयोजना गरिएको कार्यालयले जनाएको छ । तालिमको माध्यमबाट सामुदायिक वनले वनको दिगो व्यवस्थापन गरी उपभोक्ताको माग, वनको उत्पादकत्व र वातावरणको सन्तुलन मिलाउन गर्नुपर्ने विभिन्न कामलाई व्यवस्थित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको वन अधिकृत दीपक अधिकारीले बताए ।

तालिममा शिव सापकोटा, राकेशप्रसाद चन्द्रवंशी, दीपक अधिकारी र विशाल भट्टराईले सहजिकरणको भूमिका निर्वाह गरेका छन् । तालिम समयसापेक्ष रहेको र समूहले पनि दिगो वन व्यवस्थापनमा आधारित भएर कार्ययोजना बनाउदै गरेको तालिममा सहभागी रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपानेले बताए । तालिममा विभिन्न सामुदायिक वनका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सदस्य, कर्मचारी गरी ३५ जनाको सहभागिता रहेको छ ।

मकवानपुर उद्योग वाणिज्य संघको

## जिल्ला दररेट निर्धारणको लागि सुझाव सम्बन्धी सूचना

आ.व. २०८१/८२ को लागि निर्माण सामग्री, ढुवानी, मेशिन तथा उपकरण भाडा र कामदारको ज्याला निर्धारणको लागि विवरण संकलन र विश्लेषणपश्चात जिल्ला दररेट समिति समक्ष पेश गर्नुपर्ने भएकाले आ-आफ्नो क्षेत्रसंग सम्बन्धित बस्तु तथा सेवाहरुको दररेट लिखित वा मौखिक रुपमा यस संघको कार्यालयमा मिति २०८१ आषाढ २५ गतेभित्र पेश गरिदिन हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

साथै हालसम्म जिल्ला दररेटमा समावेश नभएका जिल्ला भित्र उत्पादित बस्तु तथा सेवाहरुको विवरण तोकिएको मिति भित्र उपलब्ध गराइदिनु हुन मकवानपुर जिल्लास्थित सम्पूर्ण बस्तुगत संघ तथा उद्योगी/व्यवसायीहरुलाई अनुरोध गर्दछौं ।

**मकवानपुर उद्योग वाणिज्य संघ**

हेटौंडा, मकवानपुर

सम्पर्क नं. ०५७(५२०३१०/५२३३१०

९८५५०६८३६४/९८५५०७०११०

*makawanpurcci@gmail.com*

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



साझाकुरा

## हाम्रो कुरा

# मध्यवर्ती ऐन संशोधन

सरकारले मध्यवर्ती क्षेत्रमा पर्या-पर्यटन र उद्योग विकासका लागि मध्यवर्तीको कानून संशोधन गरेको छ । मकवानपुरका सांसद महेशकुमार बर्तौलाले प्रतिनिधिसभाको बैठकबाट लगानी सहजीकरणसम्वन्धी विधेयक, २०८१ पास भएको वताएका छन् । नेपाल सरकारले लगानीको वातावरणलाई अनुकूल बनाई उद्योगधन्दा, कलकारखाना, व्यापारव्यवसाय वृद्धिमार्फत् रोजगारी सृजना तथा सम्वृद्धि हाँसिल गर्न बाधकका रुपमा रहेको केही वनसँग सम्बन्धित मौजुदा कानूनलाई संशोधन गर्नका लागि प्रस्ताव दर्ता गरेको थियो । राष्ट्रिय प्राथमिकतामा परेका महत्वपूर्ण आयोजनाका काममा ढिलासुस्ती पनि आगामी दिनमा नहुने भएको छ । यो विधेयक पारित भएसँगै राष्ट्रिय निकुञ्ज ऐन २०२९ संशोधन भएको छ । संशोधन भएको व्यवस्थाले निकुञ्ज क्षेत्रमा गौरवका कुनै आयोजना सञ्चालन हुन आगामी दिनमा अवरोध हुनेछैन । मध्यवर्ती क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहले आयोजना सञ्चालन गर्न पाउने भएका छन् ।

यसले मकवानपुरलगायत देशमा ३४ जिल्लाका स्थानीय नागरिकले मध्यवर्ती क्षेत्रकै कारण भोगिरहेका समस्या हल हुने र थप सहज हुनेछन् । राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र आदिसम्बन्धी ऐन कानुनका कारण राष्ट्रिय महत्वका आयोजना संचालनमा समस्या थियो । बिगतका दिनमा मध्यवर्ती क्षेत्रका सर्वसाधारणले आफ्नो खेतबारीमा कुनै पनि विकासका काम गर्न राष्ट्रिय निकुञ्जको अनुमति लिनुपर्ने अवस्था थियो । अबका सदनमा मयूर धाप औद्योगिक क्षेत्रको काम पनि अघि बढ्ने सम्भावना बढेको छ । पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा औद्योगिक क्षेत्र संचालन गर्न बिद्यमान ऐनकानूनले रोकेको भन्दै मयुधारप औद्योगिक क्षेत्रको निर्माण कार्य रोकिएको थियो । वातावरणीय प्रभाव मूल्यांकनका कार्य सम्पन्न गरी अन्तिम प्रतिबेदन वन मन्त्रालयमा पुगेर अड्किएको थियो । यो ऐन संशोधनबाट मयुरधाप औद्योगिक क्षेत्रको काम अगाडि बढाउन बाटो खुलेको छ । लगानी सहजीकरण सम्वन्धी विधेयक, २०८१ को दफा ३ को उपदफा २ मा थप गर्न प्रस्ताव गरिएको दफा, उपदफा बमोजिम तोकिएको क्षेत्रबाहेक राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्र वा मध्यवर्ती क्षेत्रमा प्रकृति र मानव सहअस्तित्व कायम हुनेगरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्न नेपाल सरकारले तोकिएवमोजिम स्वीकृति दिन सक्नेछ' भन्ने थियो । प्रतिनिधिसभामा मकवानपुरलगायत अन्य सांसदहरुको प्रस्तावपछि उपदफा (१) 'क' को अन्त्यमा देहाएको वाक्यांश थप्ने भनेर 'मध्यवर्तीक्षेत्रमा संघ, प्रदेश र स्थानीय तहले निर्माण गर्ने आयोजना सञ्चालन गर्न सक्नेछ र सम्वन्धित निकायको स्वीकृति लिई पर्यापर्यटन (ईकोटुरिजम) लगायतको अन्य उद्योग व्यवसाय सञ्चालन गर्न सक्नेछ' भन्ने वाक्यांश थपिएको छ ।

प्रतिनिधिसभाबाट पारित भएको यो बिधेयक अब राष्ट्रियसभामा जानेछ र केही दिनभित्र राष्ट्रियसभाबाट पारित भएपछि राजपत्रमा प्रकाशन हुनेछ । मध्यवर्तीक्षेत्र कायम भएका मनहरी गाउँपालिकाको वडा नं. १ देखि ५ सम्म, हेटौंडा १२, १३, १४, १५ नं वडामा विकासका आयोजना अगाडि बढाउन सहज वातावरण बन्ने छ । मध्यवर्ती क्षेत्रका बासिन्दाले वन्यजन्तुको आक्रमण, बालीनालीमा क्षति, भौतिक संरचनाको नोक्सानी आदि विषयमा धेरै दु:ख पाएका थिए । यो ऐन संशोधन भएपछि पीडितले राहत पाउन पनि सहज हुनेछ । केही नेपाल ऐन संशोधन गर्न बनेको बिधेयकमा पनि यो विषयमा ब्यापक छलफल चलिरहेको जानकारी दिइएको छ । केही नेपाल ऐन संशोधन गर्न बनेको बिधेयकमा मध्यवर्ती क्षेत्र, संरक्षित क्षेत्रको पुरा परिभाषामा समेट्ने प्रयास गरिएको छ । यो बिधेयक पास भएपछि भूमिहिन, सुकुम्बासीको समस्या केही हदसम्म सम्बोधन हुने अपेक्षा गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार २१ गते शुक्रबार ५ जुलाई २०२४ । औंशी, आषाढ कृष्णपक्ष । तछलागा ११४४ ने.सं. । सूर्योदय ५:१५, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : यात्राको लागि सुखद देखिन्छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : रमाइलोको समय रहेको छ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : शरीरमा समस्या देखिन सक्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : सानातिना अवरोध आइरहनेछ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# 'मन्त्र' बदल्ने 'तान्त्रिक'हरूको निरंकुशता



ध्रुवसत्य परियार

तन्त्र-मन्त्रका ज्ञाता डा. नारायणदत्त श्रीमालीको गाउँका एक तान्त्रिकले मन्त्र गुनगुनाएरै बिच्छीले टोकेका मानिसलाई निको पार्छन् भन्ने हल्ला चल्यो । यो सुनेपछि ती तान्त्रिकसँग श्रीमालीले घनिष्ठता बढाए र एक दिन सोधे, 'बिच्छीको विषले दिने पीडालाई शमन गर्न कुन मन्त्रको प्रयोग गर्छौ ?' ती तान्त्रिकको जवाफ हैरान पार्ने किसिमको थियो । वास्तवमा ती कथित तान्त्रिकसँग कुनै मन्त्र थिएन । उनले मन्त्र गुनगुनाएको नाममा अश्लील शब्दले गाली गर्थे । उनले मनपरी गाली गर्दा पनि मानिसहरूको पीडा आश्चर्यजनक ढंगले गायब हुन्थ्यो ।

श्रीमालीले आफ्नो पुस्तक 'प्राक्टिकल हिप्नोटिजम्'मा लेखेका छन्– उनी ठुलो तान्त्रिक भएकामा मानिसलाई विश्वास थियो । उनीहरूको आन्तरिक मनले त्यस तान्त्रिकको स्पर्शले नै पीडा हराउँछ भन्ने स्वीकार गर्थ्यो र यही भावनाले उनीहरूको पीडा भगाउँथ्यो । यो सन्दर्भ हाम्रा नेताहरू र राष्ट्रिय राजनीतिसँग ठ्याक्कै त मिल्दैन, तर अर्थ्याउने गरी एउटा प्रवृत्ति मिल्छ, त्यो के भने– हाम्रा नेताहरू एक अर्कालाई मनपरी गाली गर्छन्, मनमनै होइन खुलेआम । त्यो कुण्ठाग्रस्त गालीमा कुनै मन्त्र (सिद्धान्त) छैन, उही सत्तामाथिको झिनाझपटी छ र सत्ताका लागि नै भएको 'मन्त्र' सिध्याउने कुत्सित मनशाय लुकेको छ ।

एक खालको लामै 'राजनीतिक साधना'पछि हामीले एउटा मन्त्र (संविधान) पाएका वा निर्माण गरेका छौँ । हाम्रो संविधानरूपी 'मन्त्र'ले नेपाली जनताका दु:ख-पीडा, गरिबी र अन्यायको पूर्ण रूपमा अन्त्य नगरे पनि आंशिक रूपमा गर्ला भन्ने विश्वास न्यायप्रेमी नागरिकले लिएकै छन् । हाम्रो संविधानमा एउटा मूल मन्त्र परेको छ– सामाजिक न्याय । यो मन्त्र संविधानमा त्यसै परेको होइन, समाजमा विभिन्न खालका विभेद विद्यमान भएकैले यो मन्त्र जन्मेको हो । यस मूल मन्त्रभित्र बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र र सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य समेटिएको मान्नुपर्छ ।

यतिखेर यही मूल मन्त्रलाई निष्प्रभावी बनाउने ढंगले राष्ट्रिय राजनीतिमा रातारात समीकरण बदलिएको छ । कांग्रेस-एमालेको नयाँ समीकरणले संविधान संशोधनका नाममा 'मूल मन्त्र'लाई कुल्चने 'कुत्सित मनशाय' प्रकट गरेको छ । सुरुवाती चरणमा उसले प्रदेश सभामा समानुपातिक प्रावधान हटाउने पश्चगामी कदम चाल्दै छ भन्ने हल्ला छ, यसदेखि ऊ कहाँसम्म अघि बढ्छ भन्ने यसै भन्न सकिँदैन ।

अहिलेको यस समीकरणसँग दुईतिहाइ छैन । यस समीकरणलाई समर्थन गरेको छनक राप्रपा नेतृत्वले 'पुच्छर हल्लाए' भाँतीमा अभिव्यक्ति दिइसकेको छ । राजा र २०४७ सालको संविधान फर्काउनेजस्ता पश्चगामी उद्देश्य लिएको राप्रपालाई यस समीकरणले साथमा लियो भने संविधानको थप हुर्मत काढिने निश्चित छ । वास्तवमा कांग्रेस र एमालेलाई यो संविधानको त्यति माया छैन, किनभने यसमा उनीहरूका भन्दा पनि माओवादीका मुद्दा परेका छन्, भलै आज माओवादीले नै ती मुद्दा बिर्सेको होस् ।

हिजो राजा ज्ञानेन्द्रको निरंकुशता र माओवादी आन्दोलनले घिसारेर मात्रै समानुपातिक समावेशी, धर्मनिरपेक्षता, संघीयता र गणतन्त्रसम्म कांग्रेस-एमाले पुगेका थिए । आज यिनीहरूलाई सबैभन्दा बढी घाँडो समानुपातिक निर्वाचन प्रणाली भएको देखिन्छ । यी ठुला दलहरूको मात्रै होइन, संसद्मा रहेका सबै दलहरूको नेतृत्व कथित अभिजात वर्गले गर्छन् । राज्य संयन्त्रमा उनीहरूकै हालिमुहाली थियो र छ । समानुपातिक निर्वाचन प्रणालीका कारण केही संख्यामा भए पनि उत्पीडित वर्ग तथा समुदाय आउन थालेपछि कतिपयले आफ्नो भाग खोसिएको महसुस गर्न थालेका छन् ।

दशवर्षे जनयुद्ध र ०६२/६३ को आन्दोलनको सेरोफेरामा आवाज उठ्यो– यो देशमा महिला, दलित, जनजाति लगायत उत्पीडित वर्ग, समुदाय, लिंग आदिलाई राज्य संयन्त्रमा नसमेटीकन, उनीहरूको उत्थान नगरीकन राज्यले समृद्धिको यात्रा तय गर्न सक्दैन । आन्दोलनको राप र ताप रहेका बेला धर्मनिरपेक्ष, संघीयता र समानुपातिक समावेशी जस्ता क्रान्तिकारी कदमलाई स्विकार्न कांग्रेस-एमाले बाध्य भए । अन्यथा यी दलदेखि राजासम्मले टीके-प्रथा चलाएका थिए । अर्थात् उनीहरूको निगाहामा उत्पीडित वर्ग, समुदाय तथा लिंगका व्यक्तिले टीका लगाएर कुनै पद पाउँथे । आज संवैधानिक व्यवस्थाबाट उत्पीडित समुदायले पद पाउँदा कतिपयलाई सहिनसक्नु भएको छ ।

दशवर्षे जनयुद्ध र ०६२/६३ को आन्दोलनमा अर्को आवाज थियो– एक भाषा, एक धर्म र एक लिंग (पुरुषवाद)को प्रतिनिधित्व गर्ने र हिन्दु देवताका प्रतीक मानिने राजा र हँदासम्म महिला, दलित, जनजाति लगायत पिछडिनुपऱ्यो । त्यसैले जनताले चुनेका जनताकै सन्तानलाई सर्वोच्च पदमा पुऱ्याउनुपर्छ ।

गणतन्त्रपछि यो देश उत्पीडित समुदाय तथा लिंगको पनि हो भन्ने सन्देश दिन एकजना मधेसी र एकजना महिलालाई राष्ट्रपति बनाइयो, त्यसपछि उही कथित अभिजात वर्गले न्याल काढ्न थाल्यो । यसपालि दलितबाटै नभए पनि कम्तीमा आदिवासी जनजातिबाट राष्ट्रपति चयन हुन्छन् कि भन्ने न्यायप्रेमी नागरिकको अपेक्षा थियो, तर 'खास' प्रतीकका रूपमा रामचन्द्र पौडेल राष्ट्रपति बन्न पुगे । समानुपातिक समावेशीका नाममा पनि नेताका पत्नीदेखि विमलेन्द्र निधिसम्म आउन थाले । यो खालको रजाइँले मात्रै उनीहरूलाई पुगेन, अब संविधान नै संशोधन गर्नतिर लामो हात गर्न खोजेका छन् अर्थात् बहुसंख्यकवादी निरंकुशताको 'चाल' र 'ताल' खोजेका छन् । यो बहुसंख्यकवादी निरंकशुताले हिजो संविधानमा धर्मनिरपेक्षका लागि स्पष्टीकरण राख्यो र 'सनातनदेखि चल्दै आएको धर्म-संस्कृति'को संरक्षण गऱ्यो ।

लोकतन्त्रमा सबै धर्म, लिंग, वर्ग, क्षेत्र र समुदायलाई राज्यको मूलधारमा समेट्नुपर्छह अनि मात्र सामाजिक न्याय स्थापित हुन्छ– यति सामान्य कुरा यी नेताले नबुझेका होलान् र ? आवश्यकभन्दा बढी बुझेकैले यिनीहरू 'मन्त्र'लाई निष्प्रभावी बनाउनतिर लागेका छन् । अर्थात् अल्पसंख्यकहरुका मुद्दा र अधिकारलाई खुम्च्याउन लागेका छन् । तन्त्र परम्परामा मन्त्र बदल्दा देवी-देवता पनि बदलिन्छन् । कांग्रेस-एमालेका 'तान्त्रिक'हरूले पनि संविधान संशोधन गरेर शासकीय व्यवस्था कस्तो बनाउने हुन् भन्ने प्रश्न उब्जेको छ ।

सानोतिनो अभीष्टका साथ यसपालि सत्ता समीकरण बदलिएको होइन, संविधान संशोधन गर्ने ठुलो अभीष्ट लिएर बनेको यस समीकरण कुनै नैतिक मूल्य-मान्यता र वैचारिक धरातलमा भने छैनन् । यो समीकरणले सर्वप्रथम जनमतको अपमान गरेको छ । हिजो तत्कालीन नेकपा अध्यक्ष केपी शर्मा ओलीले दुई-दुईपटक असंवैधानिक रूपमा संसद् विघटन गरेपछि संविधानवादको नाममा कांग्रेस-माओवादीसहितको पाँच दलीय गठबन्धन बनेको थियो । त्यसकै आधारमा जनताले मत दिएका थिए । कांग्रेसमा आस्था राख्नेले माओवादीलाई र माओवादीमा आस्था राख्नेले कांग्रेसलाई भोट दिएका थिए । यतिसम्म कि एमालेमाथि आस्था गर्नेले राप्रपालाई र राप्रपामा आस्था राख्नेले एमालेलाई समेत भोट दिनुपऱ्यो । ओलीले संविधान कुल्चेर अस्थिरता ल्याउन खोजेकाले नयाँ दलहरूलाई उदाउने अवसर पनि रहयो । त्यसैले खिचडी संसद् जन्मियो । चुनावपछि खासगरी कांग्रेसले आफू एक्लैले भोट पाएजस्तो व्यवहार गर्न थाले, अनि केवल कुर्सीका लागि सत्ता समीकरण बदल्नतिर माओवादी अध्यक्ष प्रचण्ड लागे ।

देशमा धेरै पार्टी हुँदा अस्थिरता सिर्जना भयो, यसको मूल कारण समानुपातिक प्रावधान हो, यसलाई खारेज गर्नुपर्छ भन्नेमा कांग्रेस-एमाले पुगेको देखिन्छ । अर्कोतिर दुई दलीय शासन पद्धतिको पनि कतै गाइँगुइँ सुनिन्छ । लोकतान्त्रिक बहुदलीय व्यवस्थामा दुई पार्टी मात्रै भन्ने हुँदैन, भिन्न विचारधारा सहितका विभिन्न दल आउँछन् तर विचारलाई केन्द्र बनाएर दुईवटा गठबन्धन गर्न सकिन्छ । खासगरी लोकतान्त्रिक भन्ने कांग्रेसको नेतृत्वमा एउटा समूह र प्रगतिशील भनाउँदा कम्युनिस्टहरूको अर्को समूह बन्नुपर्ने हो । यसो हुन नसक्दा अहिले स्थिरताका नाममा गरिएको भनिएको कांग्रेस र एमालेबिचको समीकरणले झनै चलखेल बढाउने देखिन्छ ।

चुनाव भएको एक-डेढ वर्षदेखि दलहरूले 'मिसन ८४' भन्न थालेका हुन्, अहिले दलहरूलाई सरकारमा जानु मात्रै छैन, ०८४ का लागि समेत सोच्नु छ अर्थात् विचार मिल्ने गठबन्धनका बारेमा सोच्नु छ । संविधान संशोधन गरी समानुपातिक प्रणाली हटाएर गठबन्धनबिना एक्लाएक्लै चुनावमा जाँदा बहुमत वा दुईतिहाइ आउँदैन भन्ने सबै दललाई थाहा छ । अझ पुराना दललाई ठेगान लगाउने आवेगका मतहरु नयाँ दलहरुलाई जान थालेका छन् । क्षत्रीय दलहरु खुल्ने र फैलने क्रम पनि अर्कोतिर छ । त्यसैले विचारका लागि भन्दा अस्तित्व र हैसियतका लागि गठबन्धन गर्ने खतरा उत्तिकै छ । यद्यपि हैसियतकै लागि कांग्रेस र एमालेले चुनावी गठबन्धन नगर्लान्, यसो गर्दा पार्टी एक भए भइगयो भन्ने भ्रम जनतामा पर्न सक्छ र अर्को कुनै दलले फाइदा लिन सक्छ, त्यसैले चुनावको मुखतिर फेरि सत्ता समीकरण बदलिनु निश्चित छ ।

यतिखेर सबैभन्दा उत्तम राष्ट्रिय सहमतिको सरकार नै हो । परिवर्तनका साझेदार दल (कांग्रेस, एमाले, माओवादी) मिलेर सरकार बनाई कम्तीमा संविधानका मौलिक हकहरूको कार्यान्वयनका लागि साझा कार्यक्रम लागु गर्थे भने जनतामा आशा जाग्ने थियो, पश्चगामी विचार र उछालहरू कमजोर हुने थिए । अहिले संविधान संशोधन गर्ने पश्चगमनका लागि होइन, अग्रगमनका लागि हो । स्थिरताका लागि कार्यकारी राष्ट्रपति र समावेशीका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणाली हामीलाई चाहिएको छ, तर यतातिर कांग्रेस-एमालेको चिन्तन पुगेको देखिँदैन ।

यतिबेला उनीहरु प्रचण्डलाई ठेगान लगाउन चाहन्छन्, खासगरी उनीहरू ३२ सिटे हालिमुहालीको अन्त्य चाहन्छन् । सत्ता समीकरणलाई केटाकेटी खेल ठान्ने प्रचण्ड-प्रवृत्ति कांग्रेस-एमाले दुवैलाई मन परेको छैन, जो स्वाभाविक हो । यद्यपि प्रचण्ड-प्रवृत्ति विकास हुनुमा कहीं न कहीं कांग्रेस-एमालेका पनि कमजोरी छन् । यतिखेर कांग्रेस-एमालेले संविधान संशोधनको नाममा प्रचण्डलाई ठेगान लगाउँदै छन् वा प्रचण्डलाई ठेगान लगाउने आवेगको आयाममा संविधानतिर पश्चगामी नङ्गा फैलाउँदै छन्– यो समयले स्पष्ट गर्नेछ । तर, प्रचण्ड वा माओवादी राष्ट्रिय राजनीतिबाटै किनारा लागे पनि केही मुद्दाहरू स्थापित भइसकेका छन् । विभेद र असमानता रहेसम्म ती मुद्दाहरू ढिलो-चाँडो गरी जुर्मुराइरहनेछन् र कांग्रेस-एमालेलाई सजिलै भाग खान दिनेछैनन् । २१औं शताब्दीमा बहुसंख्यकवादी निरंकुशताले लामो समय राज गर्न सक्दैन, केहीबेर अलमल्याउने मात्रै हो । हद भए फेरि एउटा पुस्ताले संघर्ष गर्नुपर्ने हुन्छ ।

*(साभार : रातोपाटी)*

# नयाँ सरकार : विकास, सुशासन र समृद्धिमा केन्द्रित बनोस्

सागर पण्डित

नयाँ सत्तागठबन्धन निर्माणसँगै अब नयाँ सरकार बन्ने करिब-करिब निश्चितजस्तै भइसकेको छ । एमाले र कांग्रेस सम्मिलित गठबन्धनबाट पहिलो चरणमा एमालेका अध्यक्ष केपी शर्मा ओली र दोस्रो चरणमा कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने गरी सहमति भएलगत्तै नेपाली राजनीति तरंगित अवस्थामा छ । कतिपयले दुई ठूला र प्रमुख राजनीतिक दलको सत्ता सहकार्यले प्रतिपक्षी कमजोर बन्ने र यसले लोकतन्त्रको संस्थागत विकासमा समस्या पर्न सक्ने टिप्पणी गरेका छन् । कतिपयले भने मुलुकको विकास, सुशासन र समृद्धिलाई मुख्य एजेन्डा बनाइएको हो भने यो सरकारले राम्रो काम गर्न सक्ने विश्वास पनि लिएका छन् । साना दलहरुले सत्तालाई खुद्रे पसलजस्तो बनाउँदै आएकाले पनि दुई ठूला दलको मिलनले त्यस्ता खुद्रे पसलहरु बन्द हुने भन्दै केही पक्षले खुशीसमेत जनाएका छन् ।

जनतालाई सरकार भएको प्रत्यक्ष अनुभूति दिने गरी सरकारले आफ्ना सबै संयन्त्रहरुको एकीकृत प्रयोग गर्न सक्नुपर्छ । नयाँ गठबन्धन बनेसँगै पालैपालोको रुपमा आउने प्रधानमन्त्रीहरु यसअघि पनि पटक-पटक मुलुकको प्रधानमन्त्री भइसक्नुभएका व्यक्तित्व हुनुहुन्छ । उहाँहरुसँग भएको अनुभव र ज्ञानलाई अब उहाँहरुले देश र जनतालाई केन्द्रविन्दुमा राखेर प्रयोग गर्नुपर्छ । विगतमा विभिन्न काण्डहरु मच्चाइएको भन्ने आरोप रहेकाले आगामी दिनमा त्यस प्रकारका काण्डहरु नमच्चिने गरी लगाइएका आरोपहरुको पनि खण्डन हुने गरी पारदर्शीरुपमा काम गर्नसक्नुपर्छ ।

यसअघि पटक-पटक प्रधानमन्त्री भइसक्नुभएका ओली र देउवाले त्यति बेला प्रधानमन्त्री हुने क्रममा भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिने बताउनुभएको थियो । अहिले नयाँ प्रधानमन्त्री हुने क्रममा रहनुभएका केपी ओलीले अब भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई पूर्णरुपमा व्यवहारमा उतार्न सक्नुपर्छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न नसक्दासम्म उहाँहरुको कुनै औचित्य हुनेछैन भने मुलुकले कुनै प्रगति र समृद्धि हासिल गर्न सक्दैन ।

विश्लेषकहरुका अनुसार समकालीन विश्वमा आर्थिक समृद्धिमा चामत्कारिक प्रगति हासिल गर्दै आएको चीनले मुलुकमा सुशासन कायम गर्दै भ्रष्टचारीहरुमाथि कठोर कदम चाल्न सक्नाले नै त्यस्तो प्रगति गर्न सकेको हो भने दक्षिण-पूर्वी एसियाका मलेसिया तथा सिँगापुर जस्ता राष्ट्रले छोटो अवधिमा नै मुलुकलाई कायापलट गराउन सक्नुको प्रमुख कारण पनि ती देशले अपनाएको विधिको शासनको कडाइपूर्वकको पालना र भ्रष्टाचारमा शून्य सहनशीलताको नीति नै हो । अब हाम्रो सरकार र प्रधानमन्त्रीहरुले पनि भ्रष्टाचारविरुद्ध कठोर कदम चाल्नै पर्छ । भ्रष्टाचार गर्ने नदिने र कसैले गरेको पाइएमा ठाउँका ठाउँ कारबाही गर्ने पद्धतिको विकास गर्नुपर्छ ।

अब बन्ने नयाँ सरकारले मन्त्रीहरु बनाउँदा पनि विशेष ध्यान दिनुपर्छ । विशेष गरी एमाले र कांग्रेसले आफ्ना दलबाट मन्त्री हुने व्यक्तिहरु पठाउँदा इमानदार, नैतिकवान् र प्रभावकारी काम गरेर नतिजा दिन सक्ने व्यक्तिलाई मन्त्रीको रुपमा पठाउनुपर्छ । यसै गरी सरकारले स्थायी सरकारको रुपमा रहेको प्रशासनिक संयन्त्रलाई पनि प्रभावकारीरुपमा परिचालन गर्न सक्नुपर्छ । प्रशासनयन्त्रलाई लक्ष्यअनुसार हिँडाउन सबै तहका निजामती कर्मचारीको नैतिकता, सदाचार, आचरण, अनुचित कार्य र भ्रष्टाचार जन्य क्रियाकलापाको विरुद्ध निरन्तर अनुगमन गर्न जरुरी छ । अनुगमन गरी कमजोर नैतिकता, सदाचार र आचरण प्रदर्शन नगर्ने तथा अनुचित कार्य गर्ने कर्मचारीउपर कडा कानुनी कारबाहीको व्यवस्था गर्नुपर्छ भने उच्चस्तरका नैतिकता, सदाचार र आचरण देखाउनेलाई पुरस्कृत गर्ने व्यवस्था गर्नुपर्छ । वित्तीय अनुशासन कायम गर्न र जवाफदेही बनाउन उपयुक्त संयन्त्र बनाउनुपर्छ । सरकारका लक्षित नीति, योजना, बजेट, कार्यक्रम कार्यान्वयन गराउन प्रधानमन्त्री कार्यालयमा नै कार्यान्वयन संयन्त्र स्थापना गरेर कार्यान्वयन तहलाई सशक्त बनाउनुपर्छ । भ्रष्टाचारविरुद्ध हरेक कर्मचारीलाई संकल्प गराउन लगाउनुपर्छ । प्रधानमन्त्रीले आफू इमान र नैतिकतामा बसेर मन्त्रीहरुलाई पनि भ्रष्टाचारमा शून्य सहनशीलताको अभियानमा दौडाउन सक्नुपर्छ । अब बन्ने नयाँ सरकारले भ्रष्टाचार विरुद्धमा कार्यरत ओभरसाइट एजेन्सीहरुलाई पनि शक्तिशाली र स्रोत-साधन सम्पन्न बनाउनुपर्छ ।

सुशासनको अवधारणाअनुसार सुशासन माथिबाट शुरु हुनुपर्छ । प्रधानमन्त्री, मन्त्री, सचिव र कार्यालय प्रमुखहरु नैतिकवान् र इमानदार हुन सके भने धेरै हदसम्म सुशासन कायम हुन सक्ने सुशासनका क्षेत्रमा कार्यरतहरुको अनुभव छ । अर्थात् मुहान सफा भए त्यहाँबाट आउने पानी स्वत: सफा हुन्छ, तल धेरै सफा गरिरहनुपर्दैन भन्ने मान्यता पनि छ । यो मान्यतालाई विश्वास गर्ने हो भने अब बन्ने प्रधानमन्त्री, उनका मन्त्रीहरु र उनी मातहत चल्ने प्रशासकहरुले एकीकृतरुपमा भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई जोडतोडका साथ व्यवहारमा उतार्न सके भने पक्कै मुलुकमा सुशासन, विकास र समृद्धिको ढोका चाँडै नै खुल्न सक्ने विश्वास गर्न सकिन्छ । तर मुलुकमा वर्षौंदेखिको अराजकता, छाडातन्त्र, अनुशासनहीनताका कारण मक्किँदै र खिया लाग्दै आएको सुशासन र समृद्धिको ढोका सहजै खोल्न भने कठिन देखिन्छ । त्यो ढोका स्थायीरुपमा खोल्न नयाँ प्रधानमन्त्री, उनका सारथी मन्त्रीहरु र ब्यूरोक्रेसीको इमान आवश्यक पर्छ ।

राजनीतिक विचार विज्ञानभन्दा जीव विज्ञानबाट चल्ने, डनवाद र धनवादले राजनीतिलाई प्रभाव पार्ने, सार्वजनिक प्रशासनलाई अति राजनीतीकरण गर्ने, सेवा प्रवाहमा ध्यान नदिने, न्याय प्रणाली सुलभ हुन नसक्ने अवस्था आयो भने त्यसले सरकार र सिंगो राज्यलाई कमजोर र असफल बनाउन सक्छ । यसतर्फ नयाँ सरकार सचेत हुँदै बडो जिम्मेवारीका साथ जनताको उत्कट चाहना पूरा गर्ने बाटोमा इमानदारिताका साथ अग्रसर हुनुपर्छ ।

नयाँ बन्ने सरकार र प्रधानमन्त्रीले नेपाली ब्यूरोक्रेसीलाई प्रणालीमा हिँडाउन सके भने यसबाट सजिलैसँग काम लिन सकिन्छ । ब्यूरोक्रेसीले गर्नुपर्ने हरेक कामहरु ऐन, नीति, नियमका आधारमा गराउनुपर्छ । नयाँ सरकारले कर्मचारीतन्त्रलाई पनि जनताको भावना र मुटुमा स्पर्श गर्न सक्ने गरी काम लगाउन र जिम्मेवारी दिन सक्नुपर्छ । अब बन्ने सरकारले लोभलालच र विलासितालाई पूरै त्याग गर्न सक्नुपर्छ । सेवा प्रवाहलाई सरल, सहज र गुणस्तरीय बनाउन सक्नुपर्छ । जनताबाट आउने गुनासाहरुको तत्काल सम्बोधन गर्न सक्नुपर्छ ।

साथै सार्वजनिक प्रशासनलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनको मूल्य र मान्यताप्रति प्रतिबद्ध बनाउँदै जनताको सहभागितामा नै नीति-नियम बनाउने, सार्वजनिक सेवालाई बहुल सांस्कृतिक स्वरुपमा रुपान्तरण गर्ने र विविधताको व्यवस्थापन न्यायोचितरुपमा गर्ने, व्यावसायिक र सक्षम बनाउन सोही अनुसारको योग्यता प्रणाली अवलम्बन गर्नुपर्छ ।

नयाँ सरकारले ठूला-ठूला महत्वाकांक्षी योजनाका साथै जनताको दैनिक जीवनमा अनुभूति हुन सक्ने कार्यक्रम पनि निरन्तर लागू गर्न सक्नुपर्छ । सार्वजनिक पदमा बसेकादेखि सबै नागरिक स्तरसम्मलाई नै समेट्ने गरी सदाचारका महत्वपूर्ण कार्यक्रमसमेत ल्याउन सक्नुपर्छ । राजनीतिक नेतृत्वहरुले जहिले पनि आफ्नो जिम्मेवारीमा रहेको भित्रसम्मको बिजनेस के हो भन्ने कुराको गम्भीरतापूर्वक अध्ययन गरी बुझ्न सक्नुपर्छ । प्रधानमन्त्री, मन्त्री र उच्च पदाधिकारीहरु सानातिना कार्यक्रमको उद्घाटनमा अल्झिनुभन्दा पनि योजना बनाउन, छलफल र बहस गर्नमा नै व्यस्त हुँदा उनीहरुकै लागि फाइदाजक हुनेछ । यो विषयमा पनि नयाँ सरकारका प्रधानमन्त्री र मन्त्रीले ध्यान पुऱ्याउन सक्नुपर्छ ।

'द गभर्मेन्ट इन्टु एक्सन' भन्नेबित्तिकै सेवा प्रवाहको कुरा आउँछ । अबको सरकार एक्सनमा उत्रिन सक्नुपर्छ । जनतालाई प्रदान गर्ने सेवाहरु, विकास प्रवाहको विषय, सुशासनको विषय, जवाफदेहिता, पारदर्शिता, यी सबै विषयले उच्च प्राथमिकता पाउनुपर्छ । विगतका शासकीय प्रणालीहरु असफल हुनुमा राजनीतिक नेतृत्वको अक्षमताका साथसाथै कर्मचारीतन्त्रको अक्षमता पनि उत्तिकै कारण हो । सेवा प्रवाह गर्ने प्राय: सबै निकायका कर्मचारीहरु बिचौलियाको घेराबन्दीमा छन् । अबको सरकारले बिचौलियाका सबै खाले घेराहरु तोड्नुपर्छ ।

संघीयता भनिएको छ तर सरकारमा बस्नेहरुमा केन्द्रीकृत मानसिकता हट्न सकेको छैन । अधिकांश शासक, प्रशासकहरुमा काठमाडौंवाद हाबी छ । जसरी सोलार सिस्टममा सूर्यको वरिपरि ग्रह घुम्छन्, त्यसरी नै संघीयतामा पनि केन्द्रकै वरिपरि प्रदेश र स्थानीय सरकारलाई घुम्न बाध्य पारिएको छ, जुन संघीयताको मर्म विपरीत छ । जनतालाई सबैभन्दा फ्रन्ट लाइनबाट सेवा दिने भनेको स्थानीय तहले हो ।

*(साभार: नेपाल समाचार-पत्र)*

# ९ वर्षपछि प्रतिपक्षतर्फ माओवादी



काठमाडौं/चार महिना अगाडि, गत २४ फागुनको प्रतिनिधि सभा बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले प्रचण्डलाई भनेका थिए, एकचोटी सोच्नुस्, जम्मै धोका पाएका एक दिन एक ठाउँमा उभिए तपाईंका विरुद्ध भने कहाँ पुग्नुहोला ?' आमचुनाव-२०७९ को १५ महिनाभित्रै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबाट कांग्रेसले दोस्रोपटक 'धोका' पाएको थियो । माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्डले छोटो अवधिमै दोस्रोपटक आफ्नो पार्टीसँग सहकार्य तोडेर एमालेसँग सत्ता समीकरण गर्ने निर्णय लिएपछि कांग्रेस नेता लेखकमा आक्रोश देखिनु स्वभाविक थियो ।

उनी त्यतिमा रोकिएनन् । प्रचण्डबाट धोका पाएकाहरु कुनै दिन एक ठाउँमा आउनसक्ने भन्दै चेतावनी दिए, 'खाली ख्याल गर्नुहोला, हेक्का राख्नु होला । यति मात्र आग्रह हो ।' तर संसद्को सबैभन्दा ठूलो दलका नेताले गराएको त्यस्तो सतर्कतालाई प्रचण्डले उति गम्भीर मानेनन् । उल्टै इमोसनल ब्ल्याकमेलको कोसिस गरे । त्यसै दिन उनले कांग्रेस-एमालेलाई जवाफ दिएका थिए, 'तपाईंहरुलाई लाग्या छ प्रचण्ड डराउँछ त्यसो भनेर, 'सबै मिले तेरो हालत के हुन्छ भनेर, हिजो त तपाईंहरु सबै मिलेर टाउकै काट्न खोज्या हो नि ! डराउँछ माओवादी केन्द्र भन्ठान्नु भा'छ । त्यस्तो हुँदैन ।' तर भयो, त्यस्तै ।

गत सोमबार (१७ असारमा) मध्यरात कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले नयाँ सरकार बनाउने सहमति गरे । ८८ सिट सहितको पहिलो दल कांग्रेस र ७९ सिट सहितको दोस्रो दल एमालेबीच ओलीलाई प्रधानमन्त्री बनाउने गरी सहमति भएकाले प्रचण्डको सरकार २० महिना नपुग्ने निश्चित भएको छ ।

जबकी संसदीय प्रणाली र मुलुकको संवैधानिक व्यवस्थामा प्रमुख दलहरु मिलेर सरकार बनाउनु उति उत्तम होइन । किनकि राज्य शक्ति सन्तुलन कायम गर्न बलियो प्रतिपक्षको कल्पना संविधानमै छ । शक्ति सन्तुलन र संविधानकै रक्षाका निम्ति पनि आवश्यक पर्दा प्रमुख प्रतिपक्षमा रहेको दलले वैकल्पिक सरकार दिन सक्ने सामर्थ्य राख्नुपर्छ ।

अझ नेपालको सन्दर्भमा प्रमुख दलहरु कांग्रेस र एमालेबीच वैचारिक-सैद्धान्तिक विषय समेत मिल्दैन । स्थापनादेखि नै एकअर्कासँग नमिल्ने कांग्रेस र एमालेले हत्तपत्त सत्ता सहकार्य गर्दैनन् भन्ने प्रधानमन्त्री प्रचण्डले राम्रै बुझेका थिए । त्यसैले हुनुपर्छ, गत ८ असारमा मात्र पनि प्रधानमन्त्री प्रचण्डले माओवादीसँग जादु नम्बर रहेको सार्वजनिक भाषण गरिरहेका थिए ।

पार्टी निकट तामाङ राष्ट्रिय मुक्ति मोर्चाको कार्यक्रमबाट प्रचण्डले तरिका मिले पुरै अवधि सरकारको नेतृत्व गर्ने दाबी गरेका थिए । '' अहिले डेढ वर्ष भयो, तर म बसेकै छु र मैले जे देखेको छु सबै परिस्थिति । तरिका मिल्यो भने पुरै अवधि बसिन्छ, ढुक्क भएर काम गरे हुन्छ', उनले भनेका थिए, 'हामीलाई हटाउन सजिलो छैन । इतिहासका कारणले, मुद्दाका कारणले, आन्दोलनका कारणले र हाम्रो जादु नम्बरको कारणले पनि ।'

अर्थात् प्रचण्डलाई हङ पार्लियामेन्टमा माओवादीसँग रहेको ३२ सिट (११ प्रतिशत) जादु लागेको थियो । त्यसैले पुरै अवधि आफूलाई कसैले हटाउन नसक्ने उनको दाबी थियो । तर पुरै अवधि सरकारको नेतृत्व गर्ने सार्वजनिक अभिव्यक्ति संगतिपूर्ण थिएन ।

किनकि गत २१ फागुनमा सत्ता समीकरण फेर्दा प्रचण्डले ओलीसँग आलोपालो प्रधानमन्त्रीको सहमति गरेका थिए । तसर्थ पुरै अवधि सरकारको नेतृत्व माओवादीले गर्ने भाषण पुष्टि हुन ओलीले सहमति बमोजिमको आधा कार्यकाल छोड्नुपर्ने हुन्थ्यो अथवा फेरि अर्को समीकरण फेर्ने विकल्प प्रचण्डसँग थियो । त्यसैपनि प्रचण्डले लगातार गठबन्धन फेरिरहेकै थिए ।

तीनै तहको चुनावमा कांग्रेससँग गठबन्धन गरेका प्रचण्डले प्रधानमन्त्री हुन १० पुस २०७९ मा एमालेसँग सहकार्य गर्ने निर्णय लिए । चुनावपछि देउवाले प्रधानमन्त्री छोड्न नमानेपछि ओलीसँग मिले ।

प्रचण्ड प्रधानमन्त्री बनिरहँदा राष्ट्रपतिदेखि मुख्यमन्त्रीसम्म एमालेसँग आलोपालो गर्ने सहमति भयो । तर आफू प्रधानमन्त्री भएपछि सहमति बमोजिम एमाले उम्मेदवारलाई राष्ट्रपति पदमा सहयोग नगरेर कांग्रेस नेता रामचन्द्र पौडेललाई जिताए । गठबन्धनमा धोका भएको भनेर २२ माघमा रास्वपा, १३ फागुनमा राप्रपा र १५ फागुनमा एमालेले सरकार छोड्यो ।

कांग्रेस नेतृत्वको पुरानै गठबन्धनमा फर्किएका प्रचण्डले देउवा र माधव नेपाल समेत तीन जनाबीच आलोपालो प्रधानमन्त्रीको सहमति गरे । यसरी ४२ दिनभित्रै दुई वटा समीकरण बन्दा संघदेखि प्रदेशसम्मका सरकारहरु चरम अस्थिर बन्यो । डेढ वर्षभित्रै कोशी प्रदेशमा छैटौं पटक मुख्यमन्त्री नियुक्ति अस्थिर राजनीतिको उदाहरण हो । संघीय मन्त्रिपरिषद् पुनर्गठन प्रचण्डको नियमित कार्यसूची जस्तो बन्यो । गत ३१ वैशाखसम्म प्रचण्डले आफ्नो मन्त्रिपरिषद् १८औं पटक पुनर्गठन गरे ।

तर यसरी लगातार समीकरण फेरिरहने प्रवृत्तिलाई मार्क्सवाद र गतिशीलतासँग उनले तुलना गर्दै आएका छन् । एकीकृत समाजवादीले आफ्नो राजनीतिक प्रतिवेदनमा माओवादीलाई अस्थिर राजनीतिक शक्ति भनेर उल्लेख गरेकामा आपत्ति नै जनाए ।

१६ असारमा प्रज्ञाभवन कमलादीमा उद्घाटन भएको महाधिवेशन समारोहमा प्रचण्डले आफ्नो कारण भइरहेको राजनीतिक उथलपुथललाई गतिशीलता भनेका थिए । 'यो दौडाइबाट नेपाली समाज अगाडि बढ्यो, सामन्ती निरंकुशतन्त्रबाट देश गणतन्त्रमा गयो भने त्यो गतिशीलता हो, अस्थिरता होइन । युद्धबाट देश शान्तिमा आयो भने त्यो गतिशीलता हो, अस्थिरता र अराजकता होइन', उनले भनेका थिए ।

उसो त लगातार सत्ता सहयात्री फेरिरहने कुरालाई प्रचण्ड मार्क्सवादसँगै तुलना गर्ने गर्छन् । 'मार्क्सवाद जमेको पोखरी जस्तो होइन । ठोस परिस्थितिको ठोस विश्लेषण गरेर परिस्थिति अनुसार निष्कर्ष निकाल्नु मार्क्सवाद हो', उनी भन्ने गर्छन् । तर प्रचण्डको परि भाषा अनुसार सत्ता फेरिरहने 'गतिशील मार्क्सवाद'ले मुलुकले स्थिर सरकार पाउन सकेको छैन ।

प्रचण्डले भने ढुक्कले राजनीतिक फाइदा हुँदा सत्ता सहयात्री फेर्न सकिने जवाफ दिने गरेका थिए । 'कुन राजनीतिक दल, कुन बेला कोसँग मिल्छन् भन्नेमा हरेक राजनीतिक दल स्वतन्त्र छन्, आफ्नो हिसाब किताब राख्न । फाइदा हुन्छ भने मिल्ने हो', कांग्रेस नेता लेखकलाई २४ फागुन २०८० को प्रतिनिधिसभा बैठकमा प्रचण्डले जवाफ दिएका थिए ।

प्रचण्डले यस्तो परिभाषा गरेको चार महिना नपुग्दै कांग्रेस र एमालेले सकेसम्म धेरै दल सहभागी हुने गरी राष्ट्रिय सरकार बनाउने निर्णय गर्दा माओवादी केन्द्र ९ वर्षपछि प्रमुख प्रतिपक्षी भूमिकामा जानुपर्ने बाध्यता देखिएको छ । किनकि विगतमा जसरी सरकारमै बसिरहन माओवादीसँग सजिलो बाहना छैन ।

**सधैं सत्ता, निरन्तर ओरालो**

माओवादी केन्द्रका सचिव गणेश शाह, कुनै पनि बाहनामा अब सरकारमा बस्न नहुने बताउँछन् । 'फेरि पनि सत्ता भन्न थाल्यौं, र त्यसको पछि लाग्यौं भने माओवादीको दुरवस्था रोकिदैन । आगामी चुनावमा नकारात्मक नतिजाको सामना गर्नुपर्छ', उनी भन्छन् ।

ढिला नगरी प्रमुख प्रतिपक्षी भूमिका रोज्दा माओवादी केन्द्रलाई वर्तमान अवस्था पुनर्निर्माणको अवसर समेत भएको सचिव शाह बताउँछन् । 'संसदमा जनताको प्रश्न लैजानुपर्छ । संविधानमाथि आक्रमण गर्ने संकेत देखिएकाले त्यसविरुद्ध खरो उत्रनुपर्छ', उनी भन्छन्, 'लथालिंग अवस्थाको संगठन निर्माण गरेर सशक्त माओवादी बनाउने अभियानमा शक्ति खर्चिनुपर्छ ।'

तर साहले भनेजस्तो माओवादी केन्द्र सजिलै प्रमुख प्रतिपक्षी भूमिकामा जाने संकेत देखाएको छैन । संसदमा अल्पमतमा परेको प्रष्ट हुँदाहुँदै पदबाट राजीनामा नदिएर सकेसम्म सत्ता भोगको अवधि लम्ब्याउन चाहनुमा ९ वर्षसम्म माओवादीमा देखिएको शक्ति-स्वाद पनि कारण हुन सक्छ ।

किनकि २५ असोज २०७२ मा ओलीलाई प्रधानमन्त्री स्वीकारेर सरकारमा सहभागी भएपछि माओवादी सत्ताका स्थायी साथी बन्न पुगेको छ । तत्कालीन नेकपाकालीन अवस्थाको (५ पुस २०७७ देखि २८ असार २०७८ सम्मको) सात महिने अवधि बाहेक सधैं सरकारमा छ । तर यो सात महिने अवधिमा पनि माओवादी प्रतिपक्षी भूमिकामा थिएन । प्रमुख प्रतिपक्षी कांग्रेससँग मिलेर सत्तामा फर्कने संघर्षमै यो अवधि बितेको थियो ।

त्यसबाहेक समयमा त कांग्रेस र एमालेसँग पालैपाले सरकार निर्माण गर्ने खेलमा माओवादी सक्रिय रह्यो । दुईपटक प्रचण्डले सरकारकै नेतृत्व लिए भने अरु समय उपप्रधानमन्त्री सरकारमा सहभागी भयो । जबकी पार्टी शक्ति भने तेस्रो भन्दा माथि चढ्न सकेन मात्र होइन, लगातार जनमत ओरालो लागिरह्यो ।

माओवादी सचिव शाह भने अब पार्टीले प्रमुख प्रतिपक्षी भूमिकामा रहेरै संविधान, व्यवस्था र मुलुक जोगाउने कार्यको नेतृत्व गर्नुपर्ने बताउँछन् । 'संविधान संशोधन गरे प्रतिगमनतिर जाने सहमति कांग्रेस र एमालेले गरेका छन् । त्यसविरुद्ध बलियो गरी उभिनुपर्छ', उनी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# नीतालाई प्रश्न- 'नेपाली कलाकार नपाएर भारतीय लिएको हो ?'




काठमाडौं/अभिनेत्री नीता ढुंगानाले श्रीमान् तथा अभिनेता हरिहर अधिकारीसँग मिलेर निर्माण गरेको फिल्म 'ह्रस्व दीर्घ'मा नेपालीसँगै भारतीय फिल्मका नामुद कलाकार हरुको अभिनय छ । ब्रह्मानन्दम, 'गजनी' भिलेन प्रदीप रावत, 'पुष्पा' भिलेन सुनील वर्मा, अली, कबीर दुहन सिंह जस्ता साउथका लोकप्रिय कलाकारहरु फिल्ममा देखिँदैछन् । जसले गर्दा भारतीय बजारमा समेत फिल्मको चर्चा छ ।

तर, यतिबेला नीतामाथि एउटा प्रश्न उठेको छ, 'के नेपाली कलाकार नपाएर भारतीय लिएको हो ?' सोमबार काठमाडौंमा आयोजित पत्रकार भेटघाटमा उनले यस विषयमा स्पष्ट पार्ने प्रयास गरिन् । केही नेपाली कलाकारहरुलाई फिल्म अफर गरेको भए पनि काम गर्न इच्छा नदेखाउँदा भारतीय लिनुपरेको उनको भनाई छ । आफ्नो प्राथमिकतामा सधैं नेपाली कलाकार नै पर्ने नीता बताउँछिन् ।

'मैले नेपाली कलाकार नपाएर भारतीय लिएको होइन । जुन-जुन क्यारेक्टरमा साउथका कलाकारहरु देखिनुभएको छ, त्यो पहिला नेपाली कलाकारहरुलाई नै अफर गरेका थियौं । तर, सबैको आ-आफ्नो व्यस्तता वा के कुरामा चित्त बुझेन होला, त्यसैले गर्नुभएन । त्यसपछि भारतीय कलाकार लियौं,' नीता भन्छिन्, 'मेरो प्राथमिकतामा नेपाली कलाकार नै पर्नुहुन्छ । र, यसमा दर्जनौं हुनुहुन्छ ।'

अन्य मुलुकका कलाकारले विभिन्न भाषाका फिल्ममा काम गर्नुलाई उनी सकारात्मक मान्छिन् । उनलाई कलाको देश र जात हुँदैन भन्ने लाग्छ । उनी भन्छिन्, 'कलाको देश र जात हुँदैन । हामीले जहाँ गएर पनि र जुन भाषामा पनि काम गर्न सक्छौं । बलिउडका कलाकारले हलिउड र तेलुगू कलाकारले हिन्दी फिल्म गरिरहेका छन् । अनि हामी किन सानो सोच्ने ? हामी पनि माथि उठ्नुपर्छ ।'

फिल्ममा भारतबाट बुलन्द कलाकारहरु लिएकाले व्यापारमा सहयोग मिल्ने नीताको विश्वास छ । तर, उनी के कुरामा प्रष्ट छिन् भने फिल्म कलाकारले मात्र चल्दैन । 'कलाकारले मात्र फिल्म चल्ने होइन । दुई/चार दिन चल्ला तर त्यसपछि फिल्म आफैं बोल्नुपर्छ । यसैले फिल्म मजबूत हुनुपर्छ भन्नेमा हामी गम्भीर छौं,' नीताले भनिन् । 'ह्रस्व दीर्घ' आगामी असोज ३ गतेदेखि प्रदर्शनमा आउँदैछ ।

# 'चित्रा' हिरोले 'तैं चुप् मैं चुप्' बनाउने




काठमाडौं/गत वर्ष आएको फिल्म 'चित्रा'का अभिनेता तथा निर्माता सन्तोष अधिकारीले अब 'तैं चुप् मैं चुप्' नाममा फिल्म बनाउने भएका छन् । बुधबार आफ्नो जन्मदिनको अवसर पारेर उनले फिल्म निर्माणको घोषणा गरेका हुन् । फिल्मलाई घनश्याम लामिछानेले निर्देशन गर्नेछन् । यसअघि घनश्याम र सन्तोषले 'चित्रा'मा समेत सहकार्य गरेका थिए । फिल्ममा मनिष गौतमको स्क्रिप्ट लेखन रहेको छ ।

सन्तोष अधिकारी फिल्म्स एवं अस्याप इन्टरटेन्मेन्ट नेपाल र अस्ट्रेलियाको संयुक्त प्रस्तुतिमा बन्न लागेको फिल्मले र ाजनीतिक विषय उठाउने निर्देशक लामिछानेले बताए । फिल्मको काठमाडौं र पोखरा क्षेत्रमा छायांकनको तयारी गरिएको छ । यतिबेला कलाकार र गीत छनोटको काम भैरहेको निर्माता अधिकारीले बताए । फिल्ममा उनी स्वयं मुख्य भूमिकामा देखिन सक्ने सम्भावना प्रवल छ ।

फिल्ममा आशिष थापा मगर र प्रतिमा थापाको लगानी रहनेछ भने फिल्मको मार्केटिङ तथा ब्रान्डिङ आइडिया पिक्सेलको तर्फबाट पवन राज जोशीले गर्नेछन् । फिल्मलाई अर्को वर्षभित्र प्रदर्शन गर्ने योजनामा निर्माण टिम छ । निर्माता अधिकारीले 'चित्रा'को पोस्ट क्रेडिटमार्फत यसको सिक्वेल समेत घोषणा गरेका थिए । तर यसलाई पछाडि सारेर उनले 'तैं चुप् मैं चुप्' निर्माण गर्न लागेका हुन् ।

# कांग्रेसबाट नेतृत्व गरेर सरकारमा को जाला ?

काठमाडौं/नेकपा एमालेसँग मिलेर नयाँ सरकार बनाउने सहमति गरेसँगै नेपाली कांग्रेसबाट सरकारमा नेतृत्व गरेर जाने पात्रका बारेमा चर्चा सुरु भएको छ । कांग्रेसबाट सरकारमा नेतृत्व गरेर जाने व्यक्तिहरुमा सर्वाधिक चर्चामा राष्ट्रिय सभामा दलका नेता कृष्णप्रसाद सिटौलाको नाम आएको छ । सिटौलासँगै पार्टीबाट नेतृत्व गरेर जानसक्ने सम्भावित नेताहरुमा विमलेन्द्र निधि, प्रकाशमान सिंह, शशांक कोइरालालगायतको नाम आएको छ ।

नेकपा एमालेसँग भएको सहमति अनुसार कांग्रेसको भागमा गृहसहित १० मन्त्रालय पर्नेछन् । दुई दलबीच अन्य मन्त्रालयको भागवण्डा भने भइसकेको छैन । गृह कांग्रेस र अर्थ एमालेले लिने सहमति बनेको छ । कांग्रेसले गृह लिने भएसँगै उक्त मन्त्रालयको जिम्मेवारी कसले प्राप्त गर्ने र सरकारमा पार्टीबाट नेतृत्व कसले गर्नेबारे कांग्रेसमा चर्चा सुरु भएको छ ।

पार्टीबाट नेतृत्व गरेर कसलाई पठाउने विषयमा औपचारिक छलफल गर्ने समय नआइसकेको सहमहामन्त्री भीष्म आङ्देम्बेले बताए । उनले भने, 'यो सरकार कुन मितिमा जाने भन्ने निश्चित भएको छैन । यो सरकार हटेपछि कसलाई पठाउने बल्ल छलफल सुरु हुन्छ ।'

कांग्रेस नेताहरुका अनुसार चर्चामा रहेका नामहरु मध्ये नेता सिटौलाको नाम सर्वाधिक अघि छ । एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारमा पार्टीबाट उनीसँग ट्याकल गर्नसक्ने व्यक्ति सिटौला हुनसक्ने एक पदाधिकारीले बताए । ओलीसँग सरकारमा सहकार्य सहज नहुने संशय कांग्रेसमा उत्पन्न भइसकेको छ ।

'क्याबिनेटमा चेक एण्ड ब्यालेन्स गर्न नसक्ने व्यक्ति नपठाए ओली एक्लै हाबी हुन सक्छन्, यस्तोमा सबै हिसाबले ओलीलाई ट्याकल गर्नसक्ने सिटौला हुनसक्ने देउवालाई लाग्नसक्छ', कांग्रेसका एक पदाधिकारी भन्छन् । देउवा पक्षीय एक नेताका अनुसार कसले नेतृत्व गरेर जाने 'सिन क्लियर' भएको छैन ।

'आकांक्षा राख्ने धेरै देखिएका छन् । भोलि सभापति हुन खोज्ने सबैले कांग्रेसबाट नेतृत्व गरेर जान खोजेको देखिन्छ', देउवा निकट नेता भन्छन्, 'सभापतिले कसैलाई केही संकेत गर्नुभएको छैन । उहाँको मुड बुझिएको छैन ।'

सिटौला निकटका नेताहरुका अनुसार उनी मन्त्री हुन मरिहत्ते गर्ने पक्षमा छैनन् । मंगलबार सिटौलालाई भेटेका उनी निकट एक नेताले भने, 'उहाँले खासै जाँगर देखाए जस्तो लागेन । मरिहत्ते गरेर मलाई मन्त्री बनाउ भनेर देउवाकहाँ नजाने उहाँको कुरा थियो ।' सिटौला निकटका नेताहरुले भने अवसर आए जिम्मेवारी लिनुपर्ने राय दिएका छन् ।

सभापति देउवा प्रधानमन्त्री हुने वातावरण बनाउनका लागि पनि सिटौला आवश्यक हुने उनी पक्षीय नेताहरुको दाबी छ । डेढ वर्ष पछि प्रधानमन्त्री देउवा हुने गरी दुई दलको सहमति बनेको छ । सहमति अनुसार त्यतिबेला ओलीले देउवालाई सहजै सत्ता हस्तान्तरण नगर्ने आशंका कांग्रेसमा पलाइसकेको छ ।

'देउवा प्रधानमन्त्री बन्ने वातावरण बनाइराख्ने र प्रधानमन्त्रीलाई आफूखुसी निर्णय गराउन नदिन अन्य भन्दा उहाँमा क्षमता छ,' सिटौला निकट नेता भन्छन् । झापामा देखिएको दुई दलको तिक्तताले एउटै मन्त्रिपरिषदमा ओली-सिटौला सहजै रहन नसक्ने विश्लेषण समेत कांग्रेसमा गरिएको छ । एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीको गठबन्धनले सिटौला झापामा पराजित हुँदै आएका छन् । 'केपी ओलीको मातहत रहेर कृष्ण दाइ सरकारमा जानेमा शंका चाहिं छ है,' शीर्ष तहका नेताले भने, 'ओलीसँग उहाँको कुरा मिल्छ जस्तो मलाई लाग्दैन ।'

कदाचित् सिटौलाले कांग्रेसको नेतृत्व गरेर जाँदा गृह मन्त्रालय नै सम्हाल्न पाउने/नपाउने दुई थरी विचार आएका छन् । गृह मन्त्रालय सिटौलाले लिएर उनैले पार्टीबाट नेतृत्व गर्ने केही नेता विश्लेषण गर्छन् । केही नेताहरु भने नयाँ गठबन्धन बनाउन सर्वाधिक सक्रिय रमेश लेखकलाई गृहमन्त्री बनाएर सिटौलाले उपप्रधान सहित अन्य कुनै मन्त्रालय सम्हाल्ने सम्भावना रहेको तर्क गर्छन् । संस्थापन पक्षका एक नेताले सुनाए, 'यो गठबन्धन बनाउन देउवाले सबैभन्दा विश्वास गरेर खटाएका रमेश लेखक हुन् । देउवाले गृहमन्त्री उनैलाई बनाउन सक्छन् ।'

उपसभापति पूर्णबहादुर खड्का यसअघि मन्त्री बनिसकेकाले उनी पुन: सरकारको नेतृत्व गरेर जाने सम्भावना न्यून छ । अर्कोतर्फ, पछिल्लो समय देउवाले खड्कालाई निर्णय प्रक्रियाबाट अलग राख्न थालेका छन् । महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा निकट नेताहरुका अनुसार ओली नेतृत्वको सरकारमा जाने मनस्थितिमा उनीहरु दुबै जना छैनन् । नेताहरु विमलेन्द्र निधि, शशांक कोइराला र प्रकाशमान सिंह पार्टीबाट नेतृत्व गरेर सरकारमा जाने आकांक्षी भएपनि उनीलाई पठाउन देउवा तयार नभएको संस्थापन पक्षका नेताहरु दाबी गर्छन् । संस्थापनइतरका नेता डा.शेखर कोइराला सरकारमा जाने पक्षमा छैनन् ।

*(स्रोत: अनलाइनखबर)*

# अख्तियारकी आयुक्तको घरमा ललितपुर महानगरले चलायो डोजर



काठमाडौं/मन्दिरको जग्गा मिचेको भन्दै ललितपुर महानगरपालिकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगकी आयुक्त डा. सुमित्रा अमात्यको घरको पर्खाल भत्काएको छ । ललितपुर महानगर पालिका-१० चाकुपाटस्थित डा. अमात्यको घरको कम्पाउण्ड (पर्खाल) बुधबार दिउँसो महानगर पालिकाको टोलीले डोजर लगाएर भत्काएको हो ।

डा. सुमित्रा अमात्य र डा. दिवस अमात्य दम्पतीले १ असोज २०७८ मा १५ आना ३ पैसा क्षेत्रफल रहेको घरजग्गा किनेको महानगर पालिकामा पेस भएको कागजातबाट देखिन्छ । घरजग्गा खरिद गरेपछि उनीहरूले पर्खाल बनाएका थिए । त्यसक्रममा मन्दिर र सम्पदाको जग्गा मिचिएको स्थानीयहरूको आरोप छ । स्थानीय बासिन्दाले मन्दिरको जग्गा मिचेको भन्दै ललितपुर महानगरपालिकामा उजुरी दिनुका साथै अतिक्रमण हटाउन माग गर्दै आएका थिए । पछि त्यो ठाउँमा शहरी विकास मन्त्रालयले पार्क निर्माणको काम थालेको थियो । स्थानीय समुदाय र गुठियारले कुलपूजा गर्ने ठाउँमा समन्वय नगरी शहरी विकास मन्त्रालयले एकलौटी रूपमा पार्क बनाउन खोजेको भनी उजुरी परेको थियो ।

ललितपुरका मेयर चिरि बाबु महर्जनले स्थानीय ज्यापु समुदाय र गुठियारले जग्गा मिचेको उजुरी दिएपछि सम्बन्धित घरधनीलाई भत्काउन आग्रह गरेको बताए । तर आग्रह अस्वीकार गरेपछि मन्दिरको जग्गा संरक्षणका लागि डोजर चलाएको उनको भनाइ छ ।

अख्तियारकी आयुक्त डा. सुमित्रा अमात्यले आफूहरूले गुठीको जग्गा र सार्वजनिक सम्पत्ति अतिक्रमण नगरेको प्रतिक्रिया दिइन् । 'त्यो घर कम्पाउण्ड २०३४ सालमा बनेको हो, गत वर्ष पुरानो पर्खाल भत्काएर नयाँ बनाउने बाहेक केही फेरबदल गरिएको छैन,' उनले भनिन्, 'ललितपुर महानगरपालिकाले ममाथि अन्याय गरेको छ । कुनै सूचना जारी नगरी मलाई म्यादसमेत नदिएर घर भत्काएको छ ।'

आफ्नो पर्खालसँग जोडिएको जग्गा सार्वजनिक बाटो भएको र त्यसको छेउमा शहरी विकास मन्त्रालयले पार्क बनाएको भन्दै उनले आफूले जग्गा मिच्नुपर्ने आवश्यकता नै नभएको बताइन् ।

ललितपुर महानगर पालिका-१० को त:ननी गुठीका गुठियार सुरेशमान महर्जनले त्यो जग्गा गुठीको नाममा रहेकाले गुठीयारहरूले संरचना हटाइदिन आग्रह गरेको बताए । गुठीको नाममा भएको जग्गामा आयुक्त अमात्यले संरचना बनाउन खोजेको र त्यसमा गुठीयारहरूले रोकेको उनको जिकिर छ । तर आयुक्त अमात्यले स्थानीय समुदायकै आग्रहमा खुला ठाउँमा पार्क बनाइएको बताइन् ।

# काठमाडौंमा जन्मिएका रोहित, जो बलिउडमा उदाउँदैछन्



काठमाडौं/भारतकी प्रख्यात कमेडियन भारती सिंह र उनका श्रीमान् हर्ष लिम्बाचियाले सञ्चालन गर्दै आइरहेको 'लोल पोडकास्ट'को यतिबेला नेपालमा समेत चर्चा भइरहेको छ । यसको मुख्य कारण बलिउड अभिनेता रोहित सरफ हुन् ।

यतिबेला बलिउडमा सशक्त रुपमा उदाइरहेका उनले भारती र हर्षको पोडकास्टमा आफूलाई नेपालीको रुपमा चिनिएका छन् । यसले धेरैलाई आश्चर्य तुल्याएको छ ।

हर्षले कुन ठाउँबाट आएको हो भनेर सोधेको प्रश्नमा रोहितले भनेका छन्, 'म खासमा नेपालबाट हुँ । मेरो जन्म नेपालमा भएको हो । त्यहाँ म ५ वर्ष रहेँ । पछि बुबाको विजनेश दिल्लीमा सरेपछि हामी परिवारसहित यता आयौं ।' रोहितले आफू नेपालबाट आएको बताउँदा भारतीले खुसी हुँदै केही नेपाली शब्द खरर बोलेकी थिइन् । धेरैलाई थाहा नहुन सक्छ, उनको पिताका पूर्खा नेपाली हुन् ।

रोहितको जन्म सन् १९९६, डिसेम्बर ८ मा काठमाडौंमा भएको हो । उनका पिता (सुरेश सरफ) को काठमाडौंमा व्यवसाय थियो । रोहित ५ वर्षको हुँदा उनको परिवार दिल्ली सऱ्यो । उनले काठमाडौंको एक स्कुलमा केही वर्ष पढेका समेत थिए । यतिबेला उनी बलिउड फिल्ममा सक्रिय छन् । उनले झन्डै एक दर्जन फिल्ममा काम गरिसकेका छन् । र, उनका केही फिल्म सफल पनि छन् ।

'वो भी दिन थे' रोहितको डेब्यु फिल्म हो । यसमा उनले सन् २०१३ मा काम गरेका थिए । प्रदर्शन भने सन् २०२४ मा आएर भयो । त्यसअघि उनका ८ वटा फिल्म रिलिज भइसकेका थिए । उनको दशौं फिल्म 'इश्क विश्क रिबाउन्ड' गत जुन २१ (असार ७) मा रिलिज भएको थियो । यसमा उनले प्रमुख भूमिका निभाएका छन् । तर, फिल्मले बक्स अफिसमा अपेक्षाकृत व्यापार गर्न सकेन ।

विज्ञापन हुँदै फिल्ममा प्रवेश गरेका रोहितको पहिलो रिलिज फिल्म भने 'डियर जिन्दगी' हो, जसमा उनले अभिनेत्री आलिया भट्टको भाईको भूमिका निभाएका थिए । यसमा बलिउड सुपरस्टार शाहरुख खान पनि थिए । उनले नेपालकी बलिउड अभिनेत्री मनिषा कोइरालासँग 'डियर माया'सहित 'लुडो', 'हिच्की', 'विक्रम वेधा', 'स्काइ इज पिंक' जस्ता फिल्महरुमा समेत काम गरिसकेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# आयुर्वेद केन्द्रबाट ३३ हजारले सेवा लिए

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरलाई अस्पतालको सेवा प्रदान गर्ने स्थान र जनशक्तिको अभावमा सेवा सञ्चालन गर्न कठिनाई भएको पाइएको छ ।




अस्पतालले प्रदान गर्दै आएको सेवाह सञ्चालनको लागि योगाहल, विशेषज्ञ जनशक्तिको अभाव रहेको बताइएको छ । अभावका बाबजुद चिकित्सालयले चालु आर्थिक वर्षको जेठ मसन्तसम्म ३२ हजार ९९१ जनालाई सेवा दिएको छ । स्थान अभावकै कारण ल्याब सेवा, फिजियोथेरापी सेवा र पन्चकर्म सेवा प्रदान गर्न समस्या भएको आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुर कार्यलय प्रमुख डा.ललिता पाण्डेले बताइन् । यसैगरी अस्पतालमा सेवाग्राहीको माग अनुसार औषधि अभाव रहेको डा.पाण्डेले बताइन् ।

यस चिकित्सालको मातहतका कार्यालयअन्तरगत हटिया आयुर्वेदे औषद्यालयबाट २ हजार २३९, चुरियामाई औषद्यालयबाट १ हजार ३८०, काँकडा आयुर्वेद औषद्यालयबाट २ हजार ३००, नागरीक आरोग्य सेवाकेन्द्रबाट ९ हजार ३९२ जना र यस केन्द्रबाट १७ हजार ६८० जना बिरामीले सेवा लिएका छन् । यो चिकित्सालयलाई प्रदेश सरकारबाट चालुतर्फ १ करोड ८१ लाख र पुँजीगततर्फ १ लाख १० हजार रुपैयाँ विनियोजित भएको थियो । जसमा पुँजीतर्फ सतप्रतिशत र चालुतर्फ ७५ प्रतिशत प्रगति भएको डा.पाण्डेले बताइन् ।

यसैगरी संघीय बजेट मार्फत चालुतर्फ ३६ लाख ३० हजार र पुँजीगतमा १ लाख २२ हजार रुपैयाँ प्राप्त भएकोमा चालुतर्फ ९५ प्रतिशत प्रगति भएको उनले बताइन् । संघीय बजेटतर्फ पनि सतप्रतिशत पुँजीगत प्रगति भएको दाबी गरिएको छ । आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरको आयोजनामा आयुर्वेद सेवाको प्रवर्द्धन गर्न स्थानीय पत्रकारसँग अन्तरक्रिया कार्यक्रममा यस्तो जानकारी दिइएको हो ।

कार्यक्रममा जिल्ला समन्वय अधिकारी सूर्यप्रसाद चापागाई, पत्रकार महासंघ मकवानपुर अध्यक्ष मणिराज गौतम, प्रेस चौतारी जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीलगायत पत्रकारको उपस्थिति थियो । आयुर्वेद तथा वैकल्पिक चिकित्सालयका डा.साईरस न्यौपानेले पञ्चकर्म र तनाव व्यवस्थापन सीपबारे सहजिकरण गरेका थिए ।

समय र ऋतु अनुसार खानपान र जीवनशैली अपनाउन सकियो भने स्वस्थकर जीवन बिताउन सकिने डा.न्यौपानले बताए । हाल मकवानपुरको भीमफेदी र मकवानपुरगढी गाउँपालिका बाहेक अन्य ८ वटा स्थानीय तहमा आयुर्वेदिक औषद्यालय सञ्चालनमा छ ।

# बागमतीमा सवारी अभिलेखलाई डिजिटलाइज गरिँदै, माग्यो कर्मचारी

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ बागमती प्रदेश सरकारले सवारी अभिलेखलाई डिजिटलाइज गर्ने तयारी गरेको छ । प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले सवारी साधनको अभिलेखलाई प्रविधिमैत्री र डिजिटलाइज गर्ने तयारी गरेको हो ।

मन्त्रालयले लागि डाटा इन्ट्रिकर्ता भर्ना गरी प्रदेशमा दर्ता रहेका सवारी अभिलेखको डिजिटलाईजेसन प्रक्रिया अघि बढाउने तयारी गरेको हो । मन्त्रालयले मंगलबार सूचना जारी गर्दै डाटा इन्ट्रिकर्ता भर्नाका लागि दरखास्त आह्वान गरेको छ । खुला प्रतिस्पर्धाद्वारा करारमा डाटा इन्ट्रिकर्ता भर्ना गरिने मन्त्रालयले जारी गरेको सूचनामा उल्लेख छ ।

मन्त्रालयले १०० जना डाटा इन्ट्रिकर्ताका लागि विज्ञापन गरेको छ । साथै थप ५० जना आवश्यकता अनुसार रोष्टरमा राखिने मन्त्रालयको भनाई छ । यो पदका लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको नेपाली नागरिकले अनलाई मार्फत् दर्खास्त दिन सक्ने व्यवस्था गरिएको छ ।

यो पदमा माध्यमिक तह (१०+ २ तह) वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तिमा ३ महिना तालिम लिएका वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषयमा प्रवीणता प्रमाणपत्रतह वा सो सरह उत्तीर्ण गरेका न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहमा कम्प्युटर विषय उत्तीर्ण गरेका उम्मेदवारले सूचना प्रकाशित भएको ७ दिन भित्र (असार २५ गते) दर्खास्त दिन सक्ने व्यवस्था रहेको छ ।

छनोट भएका उम्मेदवारले सवारी अभिलेखको डिजिटलाईजेसन तथा आर्किभिङ सम्बन्धी कार्यविधि, २०८० मा उल्लेख भए अनुसार पारि श्रमिक उपलब्ध गराउने मन्त्रालयले जनाएको छ ।

# लायन्सको डिस्ट्रिक्ट गभर्नरमा तुम्बाहाम्फे

साझाकुरा संवाददाता



हेटौंडा, १९ असार/ सामाजिक क्षेत्रको अग्रणी संस्था लायन्स क्लब ईन्टरनेशनल डिस्ट्रिक ३२५ एसको डिस्ट्रिक्ट गभर्नर पदमा मकवानपुरकी तासीडोल्मा तुम्बाहाम्फे चयन भएकी छन् ।

नेपालमा रहेका लायन्स क्लबका १५ डिस्ट्रिक्ट गभर्नरमध्ये वर्ष २०२४/२५ का लागि गभर्नरमा तुम्बाहाम्फे चयन भएकी हुन् । तुम्बाहम्फे १५ वटा डिस्ट्रिक्ट काउन्सिलको सचिव थिइन् । जुन २१ देखि २५ सम्म अष्ट्रेलियाको मेलवर्न सहरमा भएको अन्तर्राष्ट्रिय सम्मेलनमा उनले डिस्ट्रिक्टको सपथ खाएकी थिइन् । लायन्स क्लब नेपालको ईतिहासमा पहिलो महिला गभर्नर भएकी छन् उनी ।

गभर्नर भएपछि उनले नेपाल लायन्स आई फाउण्डेसन स्थापना गरी आँखाका बिरामीलाई सेवा दिनमा आफ्नो प्रमुख कार्य रहेको बताइन् । लायन्स क्लब ईन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एसमा एक सय १६ वटा क्लब रहेका छन् भने करिब एक हजार ८ सय सदस्य छन् । लायन अन्तर्राष्ट्रियको नियमावली अनुसार निर्वाचित गर्भनरको कार्यकाल एक वर्षको हुनेछ । सन् १९१७ मा अमेरिकामा लायन्स क्लबको स्थापना भएको थियो । नेपालमा भने १९७१ अगष्ट ९ मा स्थापना भएको लायन्स क्लब अफ विराटनगर पहिलो लायन्स क्लब हो । हाल नेपालमा १५ वटा डिस्ट्रिक रहेका छ भने ती डिष्ट्रिकहरुमा करिब ४० हजार सदस्यहरु रहेका छन् ।

संसारभर १३ लाख ५० हजार भन्दा धेरै लायन्सका सदस्य छन् । लायन्सको २०२४/२५ को प्रारम्भ जुलाई एकदेखि लागू भएको छ । आफ्नो कार्यकालमा सामाजिक क्षेत्रका उल्लेख्य काम गरी अन्तर्राष्ट्रियस्तरमा नाम राख्ने गभर्नर तुम्बाहाम्फेले बताइन् ।

# तुल्सीमेहरका उत्कृष्ट विद्यार्थी र शिक्षकलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ हेटौंडा उपमहानगरपालिका-१०, स्थित तुल्सीमेहर मेमोरियल माध्यमिक विद्यालयले एसईइ परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने विद्यार्थी र शिक्षकलाई सम्मान गरेको छ ।

विद्यालयले एक कार्यक्रम बीच एसइई परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थी, अभिभावक र ८ जना शिक्षकलाई सम्मान गरेको हो । २०८० को एसईई परीक्षामा विद्यालयबाट ४९ विद्यार्थी सहभागी भएकामध्ये ४३ जना उत्तीर्ण भएका थिए । ९ जना विद्यार्थीले ए प्लस, १३ जनाले ए, १२ जनाले बी प्लस र ९ जनाले बी प्राप्त गर्न सफल भएका हुन् । ८८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आशिष श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर-१० का वडाध्यक्ष फुर्वादोर्जे लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा शिक्षक सुरेन्द्र गौतम, गणित विषयशिक्षक देवेन्द्र चापागाई, अंग्रेजी विषयशिक्षक कमल नेपाल, प्रतिमा बुढाथोकी, आयुष देवकोटा, पवन त्रिपाठी र सन्दीप न्यौपानेलाई नगदसहित सम्मान गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै विद्यालयका प्रिन्सीपल रघुनाथ खरालले आगामी दिनमा अझ अधिक मेहनत गरेर उत्कृष्ट नतिजा ल्याउने प्रयास गरिने बताए ।

# अपाङ्गता भएकी युवती बलात्कार गरेको ठहर गर्दै १० वर्ष कैद

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ बौद्धिक अपाङ्गता भएकी एक युवतीलाई बलात्कार गरेको ठहर गर्दै एक अभियुक्तलाई जिल्ला अदालत मकवानपुरले १० वर्ष कैद गर्ने फैसला गरेको छ ।

जिल्ला न्यायाधीश अवनी मैनाली भट्टराईको मंगलबार बसेको इजलासले मकवानपुरको बकैया गाउँपालिका-३ का ५० वर्षीय चतुर मान गोलेलाई युवतीलाई बलात्कार गरेकोमा ७ वर्ष र बौद्धिक अपाङ्गता भएकीलाई बलात्कार गरेकोमा थप तीन वर्ष गरी १० वर्ष कैद गर्ने फैसला गरेको हो ।

अदालतले गोलेलाई ३ लाख रुपैयाँ जरिवानासहित ५० हजार रुपैयाँ पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने आदेश गरेको छ । २०८० पुस २६ गते गोलेले युवतीलाई बलात्कार गरेका थिए । गोले पुर्पक्षका लागि क्षेत्रीय कारागार भीमफेदीमा छन् ।

# थाहामा गाईभैंसीलाई लम्पी स्किनविरुद्धको खोप

साझाकुरा संवाददाता

हेटौंडा, १९ असार/ थाहा नगरपालिका-३ का ३ सय गाईभैंसीलाई लम्पी स्किन विरुद्धको खोप लगाइएको छ । थाहा नगरका पशुप्राविधिक रुपेशकुमार मिश्रका अनुसार १७ असारमा वडाको ३ सय गाईभैंसीलाई लम्पी स्किन विरुद्धको खोप लगाइएको हो ।

नगरपालिकाको वडा नम्बर ९ र १० को एक/एक वटा गाईमा लम्पी स्किन देखिएको वडाका पशुप्राविधिक प्रकाश पाखिनले जानकारी दिए । पाखिनका अनुसार- संक्रमित गाइको उपचार भैरहेको छ । लम्पी स्किन गाईभैंसीलाई हुने एकदमै सङ्क्रामक रोग हो । लामखुट्टे, टोक्ने झिँगा र कीर्नाजस्ता कीराको टोकाइबाट यो रोग सर्ने गर्छ । सङ्क्रमित गाईभैंसीको ओसार पसार, सामुदायिक चरणक्षेत्र दाना एवम् पानी खाने साझा ठाउँ, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट र पशु उपचार गर्ने क्रममा फरक गाईभैंसीमा एउटै सुईको प्रयोगबाट पनि यो रोग सर्ने पशु प्राविधिकहरु बताउँछन् ।

गर्मीयाममा लामखुट्टे र कीर्ना आदिको संख्या बढ्ने र ती कीरा बढी सक्रिय हुने भएकाले यसको प्रकोप अझ बढी देखिन्छ । लम्पी गाईभैंसीलाई हुने एकदमै सङ्क्रामक रोग हो । यो रोगको प्रभावकारी उपचार नभएकोले रोग लाग्न नदिनु नै उत्तम उपाय भएको पशु चिकित्सकहरु बताउँछन् ।

# ११ महिनामा सवा दुई खर्ब लगानी प्रतिबद्धता

काठमाडौं, १९ असार/ नेपालमा चालु आर्थिक वर्ष २०८०/८१ को ११ महिनामा सवा दुई खर्ब रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ ।

उद्योग विभागका अनुसार यस अवधिमा कुल ३८३ वटा उद्योग दर्ता भएका छन् । यस अवधिमा ४९ वटा ठूला उद्योग, ५० वटा मझौला उद्योग र २८४ वटा साना उद्योग दर्ता भएको उद्योग विभागले जनाएको छ । ती उद्योगमा २ खर्ब १७ अर्ब रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ ।

विभागका अनुसार जेठ महिनामा मात्र ३७ अर्ब २० करोड रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ । यो कुल ५९ वटा उद्योग दर्तामा आएको हो ।

यस वर्ष वैशाखमा सरकारले लगानी सम्मेलनको आयोजना गरेको थियो । सो सम्मेलनको सकारात्मक प्रभाव आन्तरिक तथा वाह्‍य लगानीमा देखिएको छ । जेठ महिनामा मात्र ९ ठूला उद्योग दर्ता भएको विभागको तथ्यांक छ ।

प्रत्यक्ष वैदेशिक लगानी तर्फ यस वर्ष कुल ३५५ लगानीको प्रस्ताव स्वीकृत भएको छ । यस अवधिमा ४४ अर्ब ३४ करोड रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ । जेठ महिनामा मात्र ३ अर्ब रुपैयाँको लगानी प्रतिबद्धता आएको छ । यस वर्ष कुल ३८ अर्ब रुपैयाँ बराबरको वैदेशिक लगानी भित्रने अनुमान सरकारले गरेको थियो । त्यसको तुलनामा उल्लेख्य वैदेशिक लगानी प्रतिबद्धता आएको छ ।

*(स्रोत: अनलाइनखबर)*


“हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक”
“गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता”

**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा
(+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरु**

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) — अध्यक्ष — ९८११८८२२८६
श्री रामसागर गुरागाई — प्रधानाध्यापक — ९८५५०६०९३३
श्री राजाराम पोखरेल — ९८४५४८३१८८
श्री संतिश आचार्य — ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६



**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रू.१५००/-

**कार्यक्रमहरू**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२



**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



**बालबालिकाप्रति असल व्यवहार गरौं**

☞ बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
☞ उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
☞ बालबालिकालाई स्नेह र माया गरौं,
☞ उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
☞ बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
☞ उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
☞ बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
☞ परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
☞ बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना